Ph.No.०७८५४०४१२
Email:-info.dcnawalpur@supremecourt.gov.np

श्री

# नवलपुर जिल्ला अदालत

## कावासोती

पत्र. संख्या ०८१/०८२
चलानी नं. ६०८

मितिः २०८१/०५/१८
ने.स.- ११४४ गुँलागा ३०, मंगलबार

(सूचना प्रकाशित मितिः २०८१/०५/१८)

सूचना। सूचना।। सूचना।।।

विषयः मेलमिलापकर्ता सूचीकृत हुने सम्बन्धमा।

जिल्ला अदालत नियमावली, २०७५ को नियम ४९(१) र नियम ५० तथा मेलमिलाप सम्बन्धी नियमावली, २०७० को नियम ९ बमोजिम प्रत्येक बर्ष मेलमिलापकर्ताको सूची अद्यावधीक गर्नुपर्ने भएकोले यस अदालतमा मेलमिलापकर्ताको रुपमा सूचीकृत रहनुभएका मेलमिलापकर्ताहरुले सूची अद्यावधीक गर्न र मेलमिलापकर्ताको रुपमा यस अदालतमा सूचीकृत हुन इच्छुक तोकिएको योग्यता पुग्नुभएका महानुभावहरुले मेलमिलाप सम्बन्धी नियमावली, २०७० को नियम ४ बमोजिम ऐ. नियमावलीको अनुसूची-२ को ढाँचामा देहायमा उल्लेखित आवश्यक कागजात संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस अदालतको मेलमिलाप केन्द्रमा निवेदन दिनु हुन मेलमिलाप सम्बन्धी नियमावली, २०७० को नियम ३ र नियम ९ बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| आवश्यक कागजातहरु | अदालतमा सूचीकृत हुन इच्छुक मेलमिलापकर्ताको योग्यता |
|---|---|
| १. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि<br>३. मेलमिलाप सम्बन्धी तालिमको प्रमाणपत्रको प्रतिलिपि<br>४. पासपोर्ट साइजको फोटो २ प्रति<br>५. मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाको हकमा मेलमिलाप परिषदबाट मेलमिलाप सम्बन्धी कार्य गर्न दिइएको स्वीकृत कागज, संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि। | १. नेपाली नागरिक<br>२. पच्चीस बर्ष उमेर पुरा भएको<br>३. मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा स्नातक गरेको<br>४. मेलमिलाप सम्बन्धी तोकिएको अवधीको तालिम लिएको<br>५. होस ठेगानमा रहेको<br>६. नैतिक पतन देखिने गरी फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको<br>७. साहुँको दामासाहीमा नपरेको<br>८. मेलमिलाप सम्बन्धी ऐन, २०६८ विपरित कुनै काम गरेको कारण मेलमिलापकर्ताको सूचीबाट नाम नहटाइएको। |